स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



'दाम्भी' निर्देशक रुपेश तामाङले अभिनेत्री पूजा शर्मालाई मुख्य भूमिकामा लिएर निर्माण गर्न लागेको फिल्मको नाम तय भएको छ। थिम पोस्टर सार्वजनिक गर्दै 'एक्का तीन' शीर्षकमा फिल्म बन्ने जानकारी गराइएको हो। रुपेशले पूजालाई दुई महिनाअघि उनको जन्मदिनको दिन फिल्ममा अनुबन्धित गरेका थिए। पोस्टर हेर्दा फिल्म एक्सन जनरामा बन्ने देखिन्छ।

**आजको विचार...**



प्रकाश नेपाल

अनुशासनको... (दुई पेजमा)



हरेक वर्षको असार र साउनमा फिल्म रिलिजको खडेरी नै हुने गरेको छ। यो दुई महिना वर्षायाम भएकाले निर्माताहरु व्यापार प्रभावित हुने भयले फिल्म रिलिज गर्न चाहँदैनन्। यस वर्षको असारमा त झन् जम्मा एउटा फिल्म रिलिज भएको छ। त्यो हो, 'यो मन त मेरो नेपाली हो'। नेपाली भाषा, संस्कार, संस्कृति र भूमि जोगाउनुपर्छ भन्ने अभियानको कथामा बनेको यो फिल्ममा विजय बराल, रोशन श्रेष्ठ, विल्सन विक्रम राई, बुद्धि तामाङ, आयुषा समाल लगायतले अभिनय गरेका छन्।

❒ वर्ष ३० ❒ अंक ३४८ ❒ २०८२ असार २९ गते आइतबार 13 July 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पाल्पामा स्वास्थ्य कार्यालयको प्रगति ८२ प्रतिशत

## नसर्ने रोगको डरलाग्दो तथ्याङ्क सार्वजनिक

**कृष्ण पोखरेल**

**पाल्पा,** असार २८/स्वास्थ्य कार्यालय पाल्पाको चालु आर्थिक बर्षको समग्र प्रगति ८२ प्रतिशत रहेको छ । कार्यालयले शनिबार तानसेनमा आर्थिक वर्ष २०८१/०८२ मा सम्पादित कार्यक्रमको सार्वजनिक गर्दै कुल बजेटको ८२ प्रतिशत प्रगति हासिल गर्न सफल भएको जनाएको छ ।

कार्यालयका निमित्त प्रमुख टुक प्रसाद पोखरेलले संघीय शसर्त अनुदानतर्फ ३ करोड ६१ लाख बजेट प्राप्त भएकोमा २ करोड ४५ लाख ८८ हजार खर्च भई ६८ प्रतिशत प्रगति हासिल गरेको बताए । यसैगरी प्रदेश सरकारबाट प्राप्त १ करोड ९० लाख २५ हजार बजेट मध्ये १ करोड ७८ लाख ९९ हजार खर्च गरी ९४ प्रतिशत, चालु खर्च अन्तर्गत १ करोड २८ लाखमा १ करोड २० लाख खर्च अर्थात् ९४ प्रतिशत गरी समग्रमा ८२ प्रतिशत प्रगति गरेको निमित्त प्रमुख पोखरेलले उल्लेख गरे । कार्यालयका बरिष्ठ क्षयकुष्ठ रोग फोकल पर्सन विश्वनाथ न्यौपाने जिल्लामा नसर्ने रोगको डरलाग्दो अवस्थाको तथ्याङ्क सार्वनजिक गरेका छन् । उनले नसर्ने रोगको जिल्लाको १० वटै पालिकामा गरेको स्क्रिनिङ्ग तथ्याङ्क सार्वजनिक गर्दै




अवस्था डरलाग्दो रहेको बताए । कार्यालयले ३० वर्ष भन्दा माथि उमेर समुहका १३ हजार ५ सय ३६ जनामा स्क्रिनिङ्ग गरेको थियो । जसमा ७५ प्रतिशत सामान्य रहेकोमा २५ प्रतिशतमा मधुमेहको समस्या, १४.५ प्रतिशतमा सामान्य तौल भएको, २.७ प्रतिशतमा कम तौल भएको, ३४.३ मा बढी तौल भएको र ४८.५ प्रतिशतमा मोटोपन भएको पाईएको छ । यसैगरी उच्च रक्तचापको अवस्थामा २२ प्रतिशत सामान्य रहेको र ७८ प्रतिशतमा शुरुवाती चरण देखी उच्च अवस्थामा पुगेको पाईएको छ । बढ्दोमात्रामा रहेको नसर्ने रोगको पछिल्लो तथ्याङ्क सार्वजनिक गर्दै नागरिकको स्वास्थ्य अवस्था प्रति कार्यालयले सम्बन्धित स्थानीय तहलाई सचेत समेत गराएको छ । न्यौपानेले जिलाको पारिवारिक स्वास्थ्य अवस्थाको तथ्याङ्क समेत प्रस्तुत गरेका थिए । उनले सार्वजनिक गरेको तथ्याङ्कले जनसंख्या दर घट्दो रहेको बताए । जसमा १९ बर्षमुनि उमेर समुहमा महिलाको जनसंख्या घट्दो रुपमा पाईएको छ । यो उमेर समुहको जनसंख्या ३५ हजार ८ सय ८७ रहेकोमा पुरुष १८ हजार २४ जना र महिला १७ हजार ८ सय ६३ जना रहेका छन् । कार्यक्रममा लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले भाषणमा नभई तथ्याङ्कमा आधारित रहेर स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रदेश सरकार लागि परेको बताए । *-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### हवाई आक्रमणमा २२ को मृत्यु

(रासस/एएफपी)

**बैङ्कक,** असार २८/म्यान्माको सागाइङ क्षेत्रको लीन ता लु गाउँस्थित एक बौद्ध गुम्बामा भएको हवाई आक्रमणमा परी कम्तीमा २२ सर्वसाधारणको ज्यान गएको छ, जसमा तीन बालबालिका पनि रहेका छन् । सशस्त्र द्वन्द्वका कारण घरबार गुमाएका सर्वसाधारणले उक्त गुम्बालाई सुरक्षित आश्रयस्थल ठानी बसोबास गरिरहेका थिए । तर शुक्रबार बिहान १ बजे गुम्बाको मुख्य हलमा हवाई आक्रमण भएको थियो । प्रत्यक्षदर्शीका अनुसार, विस्फोट गुम्बामाथि खस्दा त्यहाँ रहेका धेरै नागरिकहरूको ज्यान गएको हो । 'गुम्बा शान्त र सुरक्षित हुने विश्वासमा बसेका मानिसहरू अचानक हवाई आक्रमणको शिकार बन्न पुगे ।' एक स्थानीय बासिन्दाका अनुसार, गुम्बा पूर्ण रूपमा ध्वस्त भएको छ र धेरै शवका शरीरका भाग छुट्टिएको अवस्थामा भेटिएका छन् । सन् २०२१ मा सैनिकले निर्वाचित सरकारलाई हटाएर सत्ताकब्जा गरेपछि म्यान्मा गृहयुद्धमा फसेको हो । सागाइङ विद्रोहीको बलियो प्रभाव क्षेत्र भएकाले सेना बारम्बार त्यहाँ आक्रमण गर्दै आएको छ । यो क्षेत्र केही महिनाअघि ७.७ रेक्टर स्केलको भूकम्पबाट पनि प्रभावित भएको थियो, जसले करिब तीन हजार ८०० जनाको ज्यान लिएको थियो । युद्धविरामको घोषणा भए पनि सेनाले हवाई आक्रमण जारी राखेको छ । यसअघि, मे महिनामा भएको एक आक्रमणमा विद्यालयका २० विद्यार्थी र दुई शिक्षकको ज्यान गएको थियो ।

# आज भानु जयन्ती मनाइँदै




**पाल्पा,** असार २८/नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको २१२ औँ जन्मजयन्ती आज देश तथा विदेशका विभिन्न स्थानमा विविध कार्यक्रमको आयोजना गरी मनाइँदैछ । विसं. १८७१ असार २९ गते तनहुँको चुँदीरम्घा गाउँमा जन्मिएका भानुभक्तको स्मरणमा हरेक वर्ष जन्म जयन्ती मनाउने गरिएको हो ।

संस्कृत भाषामा लेखिएको रामायणलाई भावानुवादसहित नेपाली भाषामा प्रस्तुत गरेका थिए । उनले लेखेको रामायण अहिले पनि नेपालीहरूको घरघरमा सस्वर लयका साथ पाठ गर्ने गरिन्छ । नेपाली साहित्यको जग बसाउने अर्थात प्राथमिक कालका विशिष्ट क्षमता र प्रतिभा भएका तिनै भानुभक्त आचार्यको जन्म पिता धनन्जय आचार्य र माता धर्मावतीदेवीको कोखबाट भएको थियो । पिता धनञ्जयको जागिरे भएकोले भानुभक्तको हेरचार र शिक्षा उनकै बाजे श्रीकृष्ण आचार्यबाट भएको थियो । जसरी नेपाल एकीकरणको सन्र्दभमा पृथ्वी नारायण शाहले बाइसे र चोबिसे राज्यमा बिभाजन भएको नेपाललाई एकीकरण गरेर विशाल राष्टको निर्माण गरे त्यसरी नै आदिकवि भानुभक्त आचार्यले छरिएर रहेको नेपाली भाषालाई एकीकरण गरे । नेपाली साहित्यका माध्यमबाट लोकहित गर्दै सहज रूपमा समाज सुधारका सुरिलो स्वर सुसेल्दै आफ्ना मनका भावना आज लाखौ नेपाली माझ पस्किएका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

# जियोकृषि एपमार्फत कृषक डिजिटल सेवा

## खरिद -विक्री विवरण मोवाइलबाटै थाहा पाउन थालेपछि कृषक दङ्ग

**हाम्रा संवाददाता**

**पाल्पा,** असार २८/यहाँको रिब्दीकोट गाउँपालिका -२ का टिकाबहादुर राना व्यवसायिक कृषक हुन् । उनले चार वटा टनेलमा टमाटर फलाउँदै आएका छन् । बारीमा उत्पादन गरेको टमाटर रानाले सहकारीमार्फत विक्री गर्दै आएका छन् ।

केही समय अघिसम्म उनले विक्री गरेको विवरण कागजमा हुने, कतिपय विवरण हराउने, दररेट र तौल समेत फरक पर्ने हुन्थ्यो तर, यतिखेर भने त्यस्तो समस्या छैन् । उनले घरमै बसेर मोबाइलबाट नै आफुले विक्री गरेको कृषि उपजको विवरण, दररेट कृषि समस्या थाहा पाउन सक्ने भएका छन् । उनले ५ सय केजी टमाटर विक्री गरिसकेका छन् । गत बुधबार रानाले विक्री गरेको २ सय ६६ केजी टमाटरको विवरण मोवाईलमा प्राप्त भयो । रानाले भने, "हामीले तरकारी विक्री गर्दा एउटा दररेट हुन्छ, पैसा लिने समयमा दररेट फरक भइदिन्थ्यो,कहिलेकाही हामीले पनि विवरणहरु विर्सने भएकोले समस्या हुन्थ्यो तर अहिले मोवाइलमै सबै कुरा थाहा पाउन थालिएको छ ।" रिब्दीकोट -२ कै तेजबहादुर रानाले पनि मिलनसार सहकारीलाई ५० केजी टमाटर विक्री गरे । विक्री गरेको केही



क्षणमै खरिद गरेको विवरण मोवाईलमा आयो । रानाले यस अगाडि पनि तरकारी विक्री गर्दै आएका थिए । तर खरिद विक्रीको विवरण कागजमा हुने गर्दथ्यो । तर अहिले ५० केजी टमाटर ५० रुपैयाँको दरले ५ हजार रकम लिन सहकारीमा आउनुहोला भन्ने मोवाईलमा सन्देश आएपछी भने राना दङ्ग छन् । उनीहरु जस्तै यहाँका धेरै कृषकहरुलाई सामाजिक उद्यमी महिला सहकारीहरुको छाता संगठन सेवा नेपाल र जियो कृषिको साझेदारीमा सञ्चालन गरिएको जियोकृषि सेवा मोवाईल एप्लिकेशन मार्फत सेवा लिन थालेपछि सहज भएको छ । संकलन गर्ने प्रतिनिधि, भुक्तानी दिने सहकारी र विक्री गर्ने कृषकहरु सबैलाई एकै साथ विवरण प्राप्त हुने र लामो समयसम्म रेकर्ड पनि सुरक्षित हुने भएकाले उनीहरु जस्तै अधिकांस कृषकहरुलाई यो प्रविधिले सहज बनाएको हो । कृषकहरुले तानसेन -१३ बौघागुम्हामा रहेको मिलनसार सहकारीले तानसेनको होलाङ्दीबाट सञ्चालन गर्दै आएको प्रशोधन केन्द्र मार्फत विक्री गर्दै आएका छन् । सहकारीले गाउँ-गाउँबाट संकलन गरेको तरकारी प्रशोधन गरी तानसेन, बुटवल, स्याङ्जा हुँदै पोखरा सम्म विक्री गर्दै आएको छ । जसले तरकारीको कारोबारलाई डिजिलाईजेसन गरेको छ । सहकारीका प्रतिनिधिहरु तरकारी संकलन मोवाईल एप्स मार्फत गर्दछन्, जसको विवरण विक्री गर्ने कृषक र सहकारी दुवैलाई प्रदान हुन्छ । कृषकले जियो कृषि सेवामा आफ्नो उत्पादनलाई रेकर्ड राख्न सक्ने र सहकारीका प्रतिनिधिहरुले उनीहरुको उत्पादनलाई खरिद गर्न सक्ने हेफर ईन्टरनेशनल नेपालका डिजिटल सहजकर्ता विष्णु घिमिरेले बताए ।

ग्रामीण कृषकको पहुँचमा डिजिटल प्रविधि पुर्‍याएर उनीहरुलाई थप सशक्त गर्ने उद्देश्यले यो कार्यक्रम लागू गरिएको उनको भनाई छ । यसले गाउँघरका किसानलाई सीप र ज्ञान प्रदान गर्ने र उद्यमशीलतामार्फत आत्मनिर्भर बनाउने घिमिरेले बताए । हेफर ईन्टरनेशनलको सहयोगमा ग्रामिण आर्थिक विकास संघ रेडामार्फत एलएएलभिसी परियोजना सञ्चालन भएको छ । परियोजनाले तानसेन, रिब्दीकोट, पूर्वखोला, रम्भा र निस्दी गाउँपालिकामा तरकारी उत्पादन र बजारिकरणमा काम गर्दै आएको छ । परियोजना क्षेत्र तथा अन्य क्षेत्रहरुबाट समेत गरी मिलनसार सहकारीले दैनिक १० देखी १५ मेट्रिक टन तरकारी खरिद गरी विक्री गर्दै आएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## भानुभक्तको योगदान अनुसरण गरौं

**भानुजयन्ती आज देशभर हर्षउल्लासका साथ मनाईंदै छ । नेपाली साहित्यको आदिकविका रुपमा भानुभक्त आचार्यलाई लिने गरिन्छ । उनको स्मरणमा हरेक वर्ष असार २९ मा भानुजयन्ती हर्षउल्लासका साथ मनाउने गरिन्छ । यो दिन नेपाली लोक लयमा आधारित नेपाली रामायणका रचनाकार आदिकविको सम्भ्कना गरिन्छ । १८७१ असार २९ गते (आजैका दिन) भानुभक्तको जन्म भएको थियो ।**

**रामायणको सरल नेपाली अनुवादलाई भानुभक्तको मुख्य योगदान मानिन्छ । रामायणले नेपालीहरूलाई भाषामार्फत जोडेको भन्दै उनलाई त्यसैको आधारमा राष्ट्रवादको हिरो बनाइएकोमा कतिपय आलोचकहरूले कडा टिप्पणी गरेका छन् । भानुभक्तका अन्य रचनाहरू केलाउँदा पनि उनको चिन्तन तत्कालीन समाजभन्दा निकै पछाडी रहेको औंल्याउनेहरू पनि छन् । भानुभक्तलाई दिइएको आदिकविको उपाधि कति उचित भन्नेबारे विवाद कायम छ । भानुभक्तको योगदान, आदिकवि उपाधि, उनका रचनामा भएको प्रगतिशीलताबारे बेलाबेला कोठे गोष्ठी हुँदै आए पनि पर्याप्त मात्रामा खुला बहस भने हुन सकेको छैन । अहिलेको सन्दर्भमा बहस हुनु आवश्यक छ । हरेक वर्ष जन्मजयन्तीमा भानुभक्तको शालिकमा माल्यार्पण गर्दैमा भानु जयन्तीको महत्व बढ्न सक्दैन । उनीप्रति सच्चा सम्मान गर्नका लागि त आजका पुस्तालाई भाषा र साहित्यको महत्व दर्शाएर प्रारम्भिक समयमा यी दुवै क्षेत्रमा भानुभक्तले पुऱ्याएको योगदानको महत्व बुझाउन सक्नुपर्छ । नयाँ पुस्ताले पनि पुराना सर्जकको महत्वलाई बुझेर कदर र सम्मान गर्ने संस्कृतिको विकास गर्न सक्नु नै भानुभक्तप्रतिको वास्तविक सम्मान हुन्छ । हरेक भानु जयन्तीका दिन सरकारले लेखक/साहित्यकारहरुप्रति विशेष ध्यान दिइने भने पनि त्यो व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । देशविदेशमा अत्यधिक शक्तिशाली स्रष्टाका रुपमा लिइने आदिकविको सम्मानका लागि सरकारले औपचारिकताबाहेक खासै केही पनि गर्न नसक्नु देशका लागि दुर्भाग्य पूर्णसमेत छ । भानुभक्तले नेपाली साहित्यमा पुऱ्याएको योगदानको अनुसरण गर्न सके मात्र उनको सच्चा सम्मान हुन्छ । त्यसतर्फ सबैले ध्यान दिन जरुरी छ ।**

## Opinion @ Social Network

गालामा हानेको थप्पड बिर्सिन सकिएला तर
मनमा लागेका बचन कहिल्यै बिर्सिन सकिदैन !

*(सुवास पाण्डेको फेसबुक स्टाटस https://www.facebook.com/Subas.Panday)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अनुशासनको कारवाहीमा काँग्रेसमा बढ्यो खिचलो

प्रकाश नेपाल
prakashnepal014@gmail.com



*पार्टीका जरा भनिने भातृ संस्थाहरुको हविगतका विषय त उल्लेख गरेर सक्किन् । आफु आफ्नो परिवार र आफ्नो गुट भन्दा देउवा कहिल्यै माथि उठ्न सकेनन् । उनी भन्दा अगाडिका सभापति गिरीजा, शुशिल र कृष्णप्रसाद भट्टराईले कहिल्यै यस्तो हविगत गरेनन् । केन्द्रिय समितिको बैठकमा यस अगाडिका सदस्यहरुले आफ्नो आफ्नो धारणा व्यक्त गर्ने चलन थियो । सभापति बोले पछि वा सभापतिले जवाफ दिएपछि कुनै सदस्यको बोल्ने आट आउँदैन थियो । अहिले सभापति बोलेपछि प्रश्न माथि प्रश्न आउँछ । प्रश्न पनि तथ्य र बस्तु निष्ठ भएर सत्यमा टेकेर प्रश्न उठाउने गर्दछन् । त्यसो किन भयो भनेर उनै सभापतिले आफ्नो मुल्याङ्कन गर्ने हो भने आफ्नो कमजोरी भेटिने थियो । हुन त देउवाको पृष्ठभूमि राम्रो होइन् । विद्यार्थी कालमा संर्घष त गरे पञ्चायती व्यवस्थाले यातना त दियो । फेरी पञ्चायततर्फ नै फर्कन खोजेपछि कृष्णप्रसाद भट्टराईले विदेश अध्ययनका लागि पठाए । विदेशबाट फर्किए पछि उनी गृहमन्त्री बनेका पनि हुन् । राजनीतिमा उनलाई पटक -पटक लाग्ने गरेको अभियोगबाट कहिल्यै मुक्त हुन सकेनन् । फलस्वरुप पार्टीलाई उनले नराम्रोसँग डुवाउने काम गरे । विगतमा पनि ततकालिन पार्टी सभापतिसँग विमति हुँदा पार्टी विभाजन गरी तत्कालिन राजा ज्ञानेन्द्रलाई साशन सत्ता सुम्पन पुगेका पनि हुन् ।*

राजनीतिक रुपमा यतिखेर दुई मुख्य दलका नेतालाई पूर्ण रुपमा सकस नै भएको छ । विशेष गरी देउवालाई यतिखेर आफु पछिको नेतृत्व दिने विषयमा उनलाई आफनै मनमा महाभारतको युद्ध नै चलेको बखतमा आफ्नो नेतृत्वको उत्तरार्धमा अनुशासनको बेमौसमी बाजा बजाउँदा थप पेचिलो बनेको छ । काँग्रेस पछिको विधान अनुरुप दुई/दुई महिनामा बस्नु पर्ने केन्द्रिय समितिको बैठक १० महिनापछि बसेर केही दिन अगाडि सकियो । राष्ट्रिय महत्वको दुई वटा मुद्धा भिजिट भिषा र कुलिङ पिरियड विषयले सडक देखि सदन तातेका कारण केन्द्रिय समितिको बैठक बसेको हो ।

काँग्रेस बैठकमा देउवाका समानान्तर नेता डा. शेखर कोइरालाले पेचिलो बन्ने गरी १० प्रश्न राखेपछि शेखरको शेखी झार्नका लागि आनन्द ढुगांनाले अनुसाशनको डण्डा चलाए पछि काँग्रेस पार्टीमा थप हलचल भएको हो । ढुगांना अनुसाशन समितिका संयोजक हुन् । उनले यति खेर बेमौसमी बाजा बजाएका हुन् । अब अर्को चुनावको लागि तयार गर्न कार्यकर्ता एकै ठाउँमा हुनु पर्ने बेलामा एकाएक कारवाहीका नामावली सार्वजनिक हुँदा यसले काँग्रेस भित्र थप विवाद उत्पन्न गराएको छ । हुन त पार्टीको इतिहासमा सबै भन्दा नालायक पदवीको पगरी गुथेका देउवाले पार्टी भन्दा गुटको राजनीतिसँग सत्ता केन्द्रित राजनीतिकमा लागेका कारण पार्टी प्रत्येक दिन कमजोर हुँदै गएको सबैलाई स्पष्ट नै भएको छ ।

पार्टीका जरा भनिने भातृ संस्थाहरुको हविगतका विषय त उल्लेख गरेर सक्किन् । आफु आफ्नो परिवार र आफ्नो गुट भन्दा देउवा कहिल्यै माथि उठ्न सकेनन् । उनी भन्दा अगाडिका सभापति गिरीजा, शुशिल र कृष्णप्रसाद भटट्टराईले कहिल्यै यस्तो हविगत गरेनन् । केन्द्रिय समितिको बैठकमा यस अगाडिका सदस्यहरुले आफ्नो आफ्नो धारणा व्यक्त गर्ने चलन थियो । सभापति बोले पछि वा सभापतिले जवाफ दिएपछि कुनै सदस्यको बोल्ने आट आउँदैन थियो । अहिले सभापति बोलेपछि प्रश्न माथि प्रश्न आउँछ । प्रश्न पनि तथ्य र बस्तु निष्ठ भएर सत्यमा टेकेर प्रश्न उठाउने गर्दछन् । त्यसो किन भयो भनेर उनै सभापतिले आफ्नो मुल्याङ्कन गर्ने हो भने आफ्नो कमजोरी भेटिने थियो । हुन त देउवाको पृष्ठभूमि राम्रो होइन् । विद्यार्थी कालमा संर्घष त गरे पञ्चायती व्यवस्थाले यातना त दियो । फेरी पञ्चायततर्फ नै फर्कन खोजेपछि कृष्णप्रसाद भट्टराईले विदेश अध्ययनका लागि पठाए । विदेशबाट फर्किए पछि उनी गृहमन्त्री बनेका पनि हुन् । राजनीतिमा उनलाई पटक -पटक लाग्ने गरेको अभियोगबाट कहिल्यै मुक्त हुन सकेनन् । फलस्वरुप पार्टीलाई उनले नराम्रोसँग डुवाउने काम गरे । विगतमा पनि ततकालिन पार्टी सभापतिसँग विमति हुँदा पार्टी विभाजन गरी तत्कालिन राजा ज्ञानेन्द्रलाई साशन सत्ता सुम्पन पुगेका पनि हुन् । राजाबाट पुन: सत्ता ल्याउन गिरीजा प्रसाद साथै सिङ्गो देशवासीले कठिन संघर्ष नै गर्नु परेको नेपाली जनताले बिर्सेका छैनन् । पटक-पटक सत्तामा कु गरेको इतिहास साक्षी भए पनि पुन: दोहोरीने सम्भावना पनि हुन सक्छ । इतिहासलाई नियाल्दा जब काँग्रेस पार्टी कमजोर हुन्छ तब सत्तामा भुईँचालो नै जाने गरेको पनि छ । अहिले पनि बेमौसमी कारवाहीले देउवाका दाहिने हात भएका विनोद चौधरीलाई बाड बाड भएको होला । अब काँग्रेस एकताको मालाबाट चुडिन लागेको पनि देखिन्छ । अहिले काँग्रेस एमालेको भन्दा पनि देउवा ओली ठेकेदार कम्पनीको यो सरकार भएको छ । यि दुई आफ्नो स्वार्थ र गुट भन्दा माथि उठन सकेनन् । देउवा पनि अब प्रधानमन्त्री बन्ने सपना देख्न छोडेर सर्वमान्य नेता भएर बसेको खण्डमा उनको लागि नै राम्रो हुने थियो । उनका ढेकेहरुको स्वार्थ सहित उनकै श्रीमतीका दवावका कारण उनी फेरी प्रधानमन्त्री बन्ने सपना बुनेर बसेका छन् । त्यसका लागि पनि पार्टी विभाजन गर्न पनि पछि नपर्ने देखिन्छन् । हुन त नेकपा एमालेका पार्टी अध्यक्ष ओलीसँग प्रधानमन्त्री आलो पालो गर्ने सहमति गरेका छन् । राजनैतिक परिवेशलाई नियाल्दा यहि एमालेको नेतृत्वले काँग्रेसलाई सहजरुपमा नेतृत्व हस्तान्तरण गर्ला जस्तो देखिन्न । त्यसको लक्षणदेखि सकिएको छ । बाहिर बाहिर आगो पनि सल्कदै छ भने नेकपा एमालेमा पनि भूसमा लागेको आगो निभ्याउन कठिन भएको छ । दुवैको लक्ष्य आउने महाअधिवेशनमा आफु अनुकुलको राजनीतिक वातावरण बनाउनु हो । दुबै नेता समग्र देश जनताको भन्दा गुटलाई बढी महत्व दिदा गुट बन्धनमा परिणत भएको कारणले पार्टी विभाजन हुने प्रवल सम्भावना देखिन्छ ।

राजनैतिक दल लोकतान्त्रिक व्यवस्थाको मुख्य मियो भएपनि मियो कमजोर हुँदा व्यवस्था नै ध्वस्त भएको छ । विगतका हाम्रा थुप्रै शाशन व्यवस्थाहरुको पतनका मुख्य कारण पनि सत्ता र पदको निम्ती लुछाचुडी भएको इतिहासका पानाहरुमा लेखिएको छ । अब महाअधिवेशन नजिक आउँदा विधान अनुसार गठन हुनु पर्ने विभागले पुर्णता पाउन सकेको छैन् । अब नभए कहिले ,पार्टीको हेर्ने स्पष्ट नीति नै छैन् । आउने निर्वाचनमा काँग्रेस एक्लै लड्नु पर्ने शेखर समूहको दावी रहेको छ । देउवाको रणनीति अन्य दलसँग सहकार्य गर्ने श्रीमति र उनका आसेपासेलाई सांसद बनाउने र बिस्तारै आरजु राणालाई प्रधानमन्त्री बनाउने सपना देखेको हुन सक्छ । अनुसाशनको बेमौसमी बाजा जब बज्यो । त्यसले काँग्रेस भित्रको असन्तुष्टि सडकसम्म ल्याउदा देउवाको परिकल्पना पुरा नहुन सक्छ । नयाँ पुस्ता काँग्रेसप्रति आर्कषित नहुनुको मुख्य कारण नै असक्षम नेतृत्व हो । अनुसाशन भन्ने कुरा जहाँ पनि अपरिहार्य हो तर यो कारवाही निर्वाचन सकिन साथ भएको भए सार्थक हुन्थ्यो । सामाजिक योगदान नै नभएका तर पैसाको भरमा टिकट किन्नेलाई टिकट बजारमा बस्तु जस्तै बेच्न मिल्छ की मिल्दैन ? यस्तालाई कारवाही गर्ने की नगर्ने प्रश्न यहाँ पनि उठेको छ । लुम्बिनी प्रदेशका महामन्त्रीलाई अनुसाशन समितिले कारवाही गऱ्यो । त्यसको हप्ता दिन नपुग्दै पश्चिम नवलपरासीले पुर्व सासंद देबेन्द्रराज कडेललाई पनि कारवाही गऱ्यो । अब यस अवस्थामा काँग्रेस सकिने हो की सच्चिने हो ? काँग्रेस के कसरी अगाडि बढने, आम कार्यकर्तामा उत्साह बढ्ने की निरासा बढने प्रश्न यहाँ पनि हो । पार्टी भनेको कुनै व्यक्ति विशेषले स्थापना गरेको पनि होइन राजतन्त्र जस्तै पनि होइन । सबैको साझा नेतृत्वबाट हुने हो । काँग्रेस भित्र देखिएको गुटबन्दीको परिमाण हो कारवाही यसले अब हुने तिन तहको निर्वाचनमा नराम्रोसँग परिमाण निकल्ने लक्षण हो । यसको निरुपणको लागि सभापति देउवाले सन्तुलन कायम राख्दै कारवाहीको प्रक्रिया अन्त्य नगर्ने हो भने कलहको विजारोपण भएको सावित हुनेछ । सकिन्छ भने खुल्ला प्रतिस्पर्धाबाट नेतृत्व छनोट गर्ने, परिवारवादबाट माथि उठेको खण्डमा देउवाको अबको समय सुखद् देखिन्छ ।

***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५९९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। राजनीतिक क्षेत्रमा लोकप्रियतामा वृद्धि हुनेछ। | **तुला** : प्रतिष्ठा जोगाउन सफल भइनेछ। प्रतिस्पर्धीहरूलाई पछाडी पार्न सकिनेछ। |
| **वृष** : प्रयत्न गर्दा दिगो कार्य प्रारम्भ हुनेछ। पुराना लिएका ऋणबाट मुक्ति मिल्नेछ। | **वृश्चिक** : आत्मविश्वासमा वृद्धि हुनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। |
| **मिथुन** : छरछिमेकीहरूसँग असमझदारी बढ्नेछ।कार्यक्षेत्रमा बाधा आउनेछ । | **धनु** : बोलिको प्रभावले कार्य सिद्ध गर्न सकिनेछ। कार्यक्षेत्र प्रभाव बढ्नेछर। |
| **कर्कट** : तर्कशक्तिमा वृद्धि हुनेछ। जीवनसाथीको स्वास्थ्यमा सुधार आउनेछ। | **मकर** : सेवामुलुक कार्यबाट प्रतिष्ठा मिल्नेछ। शुभचिन्तकहरूको साथ मिल्नेछ। |
| **सिंह** : कार्यक्षेत्रमा संघर्ष पछि राम्रो फल मिल्नेछ। स्वास्थ्य समस्यामा सुधार आउनेछ। | **कुम्भ** :आराममा ध्यान पुऱ्याउनुहोला। वैदेशिक रोजगारमा सफलता मिल्नेछ। |
| **कन्या** : नतिजाले उत्साह जगाउनेछ। सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। | **मीन** : दिगो फाइदा हुने कार्यहात लाग्नेछ। नोकरी वा पेशामा जिम्मेवारी बढ्नेछ। |

# कृषि

## किसान व्यावसायिक रूपमा सिस्नुखेती गर्दै



सैंय राजधानी काठमाडौंका साथै देशका विभिन्न भागमा सञ्चालित तारे होटलमा सिस्नुको माग बढ्न थालेपछि यहाँका किसानले व्यावसायिक रूपमा सिस्नोखेती थालेका छन् । लालीगुराँस नगरपालिका-१ स्थित चैते सामुदायिक वनमा सिस्नोको व्यावसायिक खेती थालिएको हो । वन वरपरका निजी जग्गामा पनि सिस्नु रोपिएको छ । सामुदायिक वनको तीन सय ६५ हेक्टरमध्ये एक हेक्टरमा सिस्नुका बिरुवा लगाउने योजना समितिको रहेको उपभोक्ता समितिका अध्यक्ष इन्द्रबहादुर खड्काले बताए । डिभिजन वन कार्यालयमार्फत प्रदेश सरकारको जडीबुटी विकास तथा व्यवस्थापन कार्यक्रमअन्तर्गत चालु आर्थिक वर्षमा रु १० लाख मूल्यबराबरको सिस्नु प्रशोधन गर्ने मेसिन अनुदानमा चैते सामुदायिक वनले प्राप्त गरेको छ । आगामी साउनदेखि उक्त मेसिन सञ्चालन गरी सिस्नुको धुलो बजारमा ल्याउने योजना रहेको अध्यक्ष खड्काले बताए । “हाल निजी जग्गाको सिस्नु स्थानीय होटल र बजारमा बिक्री भइरहेका छन्, सिस्नु प्रशोधन गर्ने मेसिन ल्याएर धुलो बजारमा पठाउँदा निजी जग्गाको सिस्नुले मात्र माग नधान्ने भएकाले वन क्षेत्रका खाली जग्गामा पनि सिस्नु रोपेका हौं”, उनले भने । साउनदेखि सिस्नु प्रशोधन गर्ने मेसिन जडान गरी लोकल, पात्ले र अल्लो जातका सिस्नुको धुलो अन्तरराष्ट्रिय बजारमा पुरयाउने योजना उनले सुनाए । गुराँसको राजधानी तीनजुरे-मिल्के-जलजले (टिएमजे) क्षेत्रको तीनजुरलालीगुराँस नगरपालिकामा पर्छ । लालीगुराँस नगरपालिकाको वसन्तपुरमा पर्यटकको चहलपहल भइरहन्छ । होटलमा आउने पर्यटकको रोजाइमा सिस्नु पर्ने गरेको वसन्तपुरस्थित टुटे देउराली हिमगङ्गा गेष्टहाउसका सञ्चालक यशोदा कार्कीले बताए । उनकाअनुसार वसन्तपुर बजारका हरेक होटलमा सिस्नुका परिकार पाक्छ । स्थानीयले बजारका होटलसम्म सिस्नु पुर्याउँछन् । वसन्तपुर बजार भएर यात्रा गर्ने यात्री र पर्यटकले प्राय: सिस्नु किन्ने गरेका रुपा स्टोरका सञ्चालक रुपा रायले बताए । “वसन्तपुरबाट हरेक दिन कम्तीमा पनि एक गाडी तराईका जिल्लामा पहाडको निगुरो, च्याउ र सिस्नु पठाउने गरेको छु”, उनले भने । अस्थायी रुपमा तेह्रथुमा बसोबास गर्दै आउनु भएका सङ्खुवासभाको धर्मदेवी गाउँपालिका-१ का ६० वर्षीय रमेश गुरुङ र उनकी श्रीमती हर्कमाया दिन बिराएर वसन्तपुरका होटलमा सिस्नु बेच्न ल्याउनुहुन्छ । प्रतिमुठा रु २५ देखि ३० मा सिस्नु बेचेर रु एक हजार ५०० सम्म आम्दानी गरी घर फर्कने गरेको गुरुङ दम्पतीले बताए । निजी जग्गा र जङ्गलमा उम्रिएका सिस्नु टिपेर ल्याउने गरेको उनिहरूले सुनाए । लेकको पात्ले सिस्नु स्वादिष्ट हुने भएकाले यसको माग बढेको हो । लालीगुराँस नगरपालिका क्षेत्रमा प्रशस्त सिस्नु उत्पादन हुने भएकाले सामुदायिक वनलाई सिस्नु प्रशोधन मेसिन उपलब्ध गराउन पहल गरेको जिल्ला समन्वय समितिका उपप्रमुख श्री कार्कीले बताए । सिस्नुको व्यावसायिक खेती गर्न तथा यसको धुलोको ‘लेबलिङ र प्याकेजिङ’मा ध्यान दिई गुणस्तरीय उत्पादन गरेर अन्तरराष्ट्रिय बजारमा पुर्याउने प्रयास भइरहेको लालीगुराँस नगरपालिकाका प्रमुख अर्जुनबाबु माबुहाङ्ले बताए ।

*-इहिमालय टाइम्स डटकम*

## लेक उक्लिए गोठाला



ढोरपाटन (बागलुङ), बर्खामा लेक र हिउँदमा बेसी सर्ने पश्चिम बागलुङका गोठालाको परम्परानै भइसक्यो । निसीखोला, तमानखोला र ढोरपाटनका धेरैजसो स्थानीयको मुख्य पेसा पशुपालन भएकाले चरिचरनका लागि लेकबेसी गर्ने गर्छन् । यस वर्ष पनि बर्खा लागेसँगै गोठालाहरु वस्तुभाउ लिएर लेक उक्लिन थालेका छन् । असार पहिलो सातादेखि नै लेक उक्लिन सुरु गरेका गोठलाहरु कोही गोठमै पुगिसके भने कोही बीच बाटोमै छन् । असार अन्तिम सातासम्म सबै गोठला लेकमा पुगिसक्छन् । एकै परिवारले सयौंको सङ्ख्यामा पशुपाल्ने हुँदा हिउँद बर्खा लेकबेसी गर्नु परेको हो । यतिबेला लेकमा उक्लिएका गोठलाहरु अब असोज ५ गतेपछि मात्रै बेसी झर्छन् । बर्खाभरी लेकमा बस्ने गोठलाहरुले चार महिनालाई पुग्ने खाद्यान्न र लत्ताकपडा बोकेर जाने गर्छन् । लेकमा बस्ने अधिकांश किसानको भेडीगोठ हुन्छ । केहीले गाई र भैंसी पनि लिएर गएका हुन्छन् । बर्खाभरी लेकमा बस्दा पशुको रेखदेखसँगै चोयाबाट बन्ने डोको, नाङ्लो, डाली, मान्द्रो र काठबाट बन्ने सामग्री बनाउने गर्छन् । जसले उनीहरुको आयआर्जनमा टेवा पुऱ्याएको हुन्छ । गोठालाहरु समुन्द्री सतहदेखि चार हजार ८०० मिटरको उचाईसम्म पुगेर गोठ बनाएर बस्ने गर्छन् । ढोरपाटन-९ का तिलबहादुर मगरले यसपाली ढिलो गरी लेक उक्लिए। उनी गत वर्ष असारको ३ गतेनै गर्पाछेडा पुगेका थिए । मगरले भने, “मेरा साथीहरु त एक साता पहिलेनै लेकमा पुगिसके, यसपाली घरमा काम गर्ने मान्छे थिएनन्, बारी बाँझो राख्न भएन, कोदो लगाएर जाउँ भन्दा ढिलो भयो, ढिलै भए पनि जसोतसो आइयो, मेरा १२/१५ वटा गाई र गोरु छन् ।”६७ वर्षीय मगरले आफू नौ वर्षको उमेरदेखि भेडीगोठसँग लेकबेसी गर्न थालेको बताए । गाउँमा वस्तुभाउ पाल्ने सबै किसानहरु लेक उक्लिसकेको उनको भनाइ छ । बर्खाको समय गाउँ सुनसान हुने भन्दै दसैं सुरु हुन थालेपछि मात्रै मान्छेहरुको चहलपहल हुने मगरले बताए । पहिलेको तुलनामा अहिले पशुपालन गर्नेहरुको सङ्ख्या कम हुँदै गएको उनि बताउन्छन् । आफूले लामो समयदेखि पशुपालन गर्दै आएको कतैबाट अनुदान नपाएको मगरले गुनासो पोखे। खासगरी किसानहरु रिग, सोलेडाँडा, गर्पाछेडा, टिकाधार, पोखरा, दहखर्क, खानीखोलालगायतका लेकमा पुग्ने गर्छन् । यि क्षेत्रमा पश्चिम बागलुङका मात्रै नभएर रोल्पा, रुकुम, डोल्पाबाट पनि सयौंको सङ्ख्यामा गोठालाहरु भेडा लिएर आउने गरेको निसीखोला गाउँपालिका-६ का पृथराम घर्ती मगरले बताए । लेकमा धेरै ठाउँबाट गोठालाहरु आउँदा रमाइलो हुने भन्दै समस्या पर्दा एकले अर्कालाई सहयोग गर्ने उहाँको भनाइ छ । लेकमा पर्याप्त घाँस हुने हुँदा धेरै जसो गोठालाहरु बर्खाको समय बसीमा नबस्ने घर्ती मगरले सुनाए । उनका ५०० बढी भेडाहरु छन् । “बाउबाजेले भेडाबाखा नपालेको भए सायद अहिले हामीहरु यो पेसामा हुने थिएनौं, ऊ बेला पढाइ गर्ने चलन थिएन, म अहिले ७९ वर्षमा लागे, जन्मेदेखि नै बाउआमाले मलाई गोठमा हिँडाउनु भएको रैछ, त्यही भएर होला यो पेसा छोड्नै मन लाग्दैन” घर्ती मगरले भने, “बुढेसकाल लाग्यो, अब त केही वर्षपछि लेक उक्लिन सकिदैन होला, बर्खामा बेसीमा वस्तुभाउ राख्न पाइँदैन, त्यहाँ बारीभरी खेती गरिएको हुन्छ, त्यही भएर अब दसैं मान्न मात्रै तल झर्ने हो ।” लेकबेसी गरेरै आफ्नो छ दशक बितेको तमानखोलाका गोरबहादुर रसाइलीले बताए । दुई महिनाका लागि चाहिने अन्नपात लिएर लेक उक्लिन थालेको उहाँको भनाइ छ । बिरामी नपरे र कुनै समस्या नभए भदौमा मात्रै खर्च लिन घर झर्ने रसाइलीले बताए । गाउँबाट लेक पुग्न झण्डै दुई दिन लाग्ने हुँदा लामो समयका लागि एकै पटक खर्च लिएर जाने गरेको उनले बताए।“अब आउने दसैंमा २०/३० वटा जति भेडा बिक्री गर्नु छ, त्यसले गर्दा पोहोर सालभन्दा केही दिन अगाडि बेसी झर्ने योजना बनाएको छ, अरु केही गर्न सकिएन यस सम्पत्ति पालेरै जीविको चलाएका छौं, आठ/दश भेडा वर्षै पिच्छे बिक्री हुन्छन्, त्यहीबाटै नुन तेल खाने पैसा आउँछ, बेसीमा मात्रै बसेर वस्तुभाउ पाल्न सकिदैन” रसाइलीले भने ।

*-रासस*

## टिकोटमा बन्दाखेतीबाट वार्षिक एक करोड भित्रियो



म्याग्दी, जिल्लाको अन्नपूर्ण गाउँपालिका-७ हिस्तान टिकोटका कृषकले बेमौसमी बन्दाखेती गरेर वार्षिक रु एक करोडबढी रकम गाउँमा भिर्त्याउने गरेका छन् । अनुकूल भूगोल र हावापानी, राम्रो बजारभाउ पाउने र आयआर्जन गर्न सकिने भएपछि पाउद्धारका बासिन्दाले बर्खामा कोदो, मकै रोप्ने बारीमा बन्दाखेती गर्न थालेका हुन् । अन्नपूर्ण-७ का वडासदस्यसमेत रहेका कृषक बुद्धिवीर पुनले टिकोटका एक सय परिवारमध्ये अधिकांशले बन्दाखेती गरेका बताए । “गत वर्ष रु एक करोड बराबरको बन्दा बिक्री भएको थियो”, उनले भने, “यसपाली कृषक र क्षेत्रफलसँगै बन्दाको उत्पादन तथा आम्दानी बढ्ने अपेक्षा गरेका छौं ।” उनका अनुसार एक जना कृषकले रु एक लाखदेखि रु सातलाख सम्मको बन्दा बिक्री गरिरहेका छन् । तीन-चार वर्षअघिसम्म पुनसहित टिका पाइजालगायत पाँच जनाले टिकोटमा बन्दा खेती सुरु रेका थिए । दुई हजार २५० मिटर उचाइमा उच्च पहाडी भूगोलमा अवस्थित टिकोटको बेमौसमी बन्दाले बजार पाएपछि पछिल्लो तीन वर्षयता कृषकहरू यसतर्फ आकर्षित भएका हुन् । खाद्यबालीको तुलनामा छिटो र नगद आम्दानी हुने भएकाले बन्दाखेती सुरु गरेको टिकोटका कृषक मनराज गर्बुजाले बताए । गत वर्ष रु एक लाखको बन्दा बेचेको जनाउँदै उनले यस वर्ष १४ रोपनी जग्गामा कोदो र मकैको विकल्पमा बन्दाखेती गरिरहेको उल्लेख गरे । जेठमा लगाएको बन्दा असारको अन्तिम सातादेखि बजार पठाउने हुन्छ । भदौ महिनासम्म बिक्री गर्न मिल्ने गरी यहाँका कृषकले फरकफरक समयमा बेर्ना सारेका मनराजले जानकारी दिए । उनका अनुसार गत वर्ष प्रतिकिलो रु ५० का दरले बन्दा बिक्री भएको थियो । टिकोटका कृषकहरूद्वारा उत्पादित तरकारी बेनी, जोमसोम, पोखरा, बागलुङलगायत विभिन्न स्थानमा बिक्री हुने कृषक टिका पाइजा पुनले बताए । रासायनिक मल र विषादीको प्रयोगबिना तरकारीखेती भइरहेको बताउँदै उनले बिषादीको विकल्पमा गाईभैँसीको गहुँत र गोबर प्रयोग गर्ने गरिएको जानकारी दिए । “रासायनिक मलको विकल्पमा स्याउला, पातपतिङ्गर र गाईवस्तुको गोबर कुहाएर मल बनाउँछौं”, उनले भने, “प्राङ्गारिक प्रविधिबाट उत्पादन भएका बेमौसमी बन्दाले बजार र उचित मूल्य पाएकाले कृषक उत्साहित छौं ।” प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत अन्नपूर्ण गाउँपालिकाले टिकोमा ‘तरकारी पकेट कार्यक्रम’ सञ्चालन गरेको छ । पकेट कार्यक्रममार्फत कृषकलाई अनुदानमा बीउ, कृषि औजार र प्रविमिा सहयोग गरिरहेको गाउँपालिकाका कृषि अधिकृत श्यामशरण कुर्मीले बताए । उनका अनुसार चालु आर्थिक वर्षमा रु १२ लाख बजेट विनियोजन गरेको उल्लेख गर्दै टिकोट तरकारी पकेट कार्यक्रमका लागि आगामी आवका लागि थप रु छ लाख रकम विनियोजन भएको जानकारी दिए । *-रासस*

## मेवा बिक्रीबाट आम्दानी गर्दै सहकारी



दाङ, घोराहीको एक कृषि सहकारीले मेवाखेतीबाट राम्रो आम्दानी गर्दै आएको छ । घोराही उपमहानगरपालिका-४ गोग्लीमा रहेको बलिदान कृषि सहकारी संस्थाले मेवाका बिरुवा र फल बिक्री गरेर आम्दानीसँगै आफ्ना सदस्यलाई रोजगारी दिँदै आएको छ । सहकारीले ९ कठ्ठा जग्गा भाडामा लिएर विगत ३ वर्षअघि देखि व्यावसायिक रुपमा रेड लेडी जातको मेवाखेती सुरु गरेको थियो । उक्त जग्गाको वार्षिक ३६ हजार रुपैयाँ भाडा तिर्ने गरिएको सहकारीका व्यवस्थापक स्यानु चौधरीले बताए । सहकारीले हालसम्म मेवाका बिरुवा बिक्रीबाट ५० हजार रुपैयाँ र पाकेको फल बिक्री गरेर २ लाख रुपैयाँ आम्दानी गर्न सफल भएको सहकारीका व्यवस्थापक चौधरीले बताए । मेवा बिक्रीबाट आएको मुनाफालाई शेयर सदस्यलाई दिने गरिएको उनी बताउँछन् । सुरुमा १० पोकाबाट मेवाका बिरुवा उत्पादन गरिएको थियो । त्यसमा २५० बिरुवा सहकारीबाट लगाइएको उनको भनाइ छ । १ पोका बीउलाई ८ हजार ५०० रुपैयाँ पर्ने गरेको उनी बताउँछन् । प्रत्येक पोकाबाट ४०० बिरुवा उत्पादन हुने गरेको उनीसँग अनुभव रहेको छ । मेवाको बिरुवा ५ भन्दा बढी लैजानेलाई १०० रुपैयाँका दरले र त्योभन्दा कम लैजानलाई १५० रुपैयाँका दरले बिक्री गर्ने गरेको संस्थाका व्यवस्थापक चौधरीले बताए । मेवाको फल र बिरुवा पनि राम्रै बिक्री हुने गरेको उनी बताउँछन् । सहकारी संस्थामार्फत आम्दानी गर्न पाउँदा सबै शेयर सदस्य खुसी भएको उनी बताउँछन् । कुनै पनि आयआर्जन हुने काममा जोडिएपछि आम्दानी बढ्दै जाने उनको भनाइ छ । भोलिका दिन व्यवसायलाई अझ बढाउँदै लैजाने उनी बताउँछन् । यसअघि ‘रेमिट्यान्स’ सेवामार्फत आम्दानी गर्दै आएको सहकारीले नयाँ सहकारी ऐनमा कृषि सहकारीले उक्त सेवा सञ्चालन गर्न नपाउने भएपछि आम्दानीका अन्य उपाय खोज्न थालेको थियो । सोही क्रममा सहकारीले धान खरिद गरी चामल बिक्रीबाट पनि गत वर्ष डेढ लाख रुपैयाँ आम्दानी गरेको थियो । ३५० सदस्य रहेको बलिदान कृषि सहकारीको डेढ करोड रुपैयाँ पुँजी रहेको छ ।

*-रासस*

# श्रीनगर सामुदायिक वनमा रोपियो लालीगुराँस



**पाल्पा,** असार २८/श्रीनगर एकीकृत पर्यटकीय सामुदायिक वन क्षेत्रमा लालीगुँरासका बिरुवा रोपिएको छ । सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, स्थानीय तानसेन नगर महासैको आयोजनामा सुशिल बस्याल "राष्ट्रप्रेमी" द्धारा सञ्चालित 'एक घर, एक लालीगुँरास' अभियान अन्तर्गत यहाँ लालीगुँरासका बिरुवा रोपिएको हो ।

तानसेनलाई पर्यटन विकासमा अग्रसर गराउने उद्देश्यले "एक घर, एक लालीगुँरास" अन्तर्गत वनमा लालीगुराँस रोपिएको नगर महासैकी अध्यक्ष भवानी गौतमले बताइन् । राष्ट्रिय फुलको रुपमा रहेको लालीगुराँसमार्फत वनलाई सुन्दर बनाई पर्यटकहरु आकर्षण गर्न यो अभियान महत्वपूर्ण हुने उनको भनाई छ । गुराँस रोप्न त्यहाँका पुगेका डिभिजन वन कार्यालय पाल्पाका प्रमुख नारायण देव भट्टराईले लालीगुँरास सामुदायिक वन संरक्षण र वातावरण सन्तुलनका लागि महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । वातावरण अभियन्ता लक्ष्मी ज्ञवालीले लालीगुँरासले नगरलाई मात्र नभई मानिसको सोच र जीवनशैलीलाई पनि हरियाली र सकारात्मकतासँग जोड्ने बताइन् । राष्ट्रप्रेमी अभियन्ता सुशील बस्यालले लालीगुँरासलाई राष्ट्रिय एकता र पहिचानको प्रतिकका रूपमा चिनाउँदै "एक घर, एक लालीगुँरास" अभियानले देशभर हरियाली र चेतना फैलाउने काम गरिरहेको बताए । उनले तानसेनलाई हरित पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न सामुदायिक सहकार्य नै प्रमुख आधार भएको उल्लेख गरे । कार्यक्रममा सहभागी वक्ताहरूले बस्यालको अभियानलाई खुलेर प्रशंसा गरेका थिए । कार्यक्रममा जिल्ला महासैका प्रतिनिधिहरूको समेत सहभागीता रहेको थियो । श्रीनगर भ्यु टावर परिसरमा उपभोक्ता समूहका सदस्यहरूको सक्रिय सहभागितामा लालीगुँरासका बिरुवा रोपिएको थियो । आगामी दिनमा पनि वनमा अन्य वृक्षारोपणहरु पनि गर्दै जाने श्रीनगर सामुदायिक वन समूहकी अध्यक्ष बालकुमारी थापाले बताईन् । कार्यक्रम नगर महासै अध्यक्ष भवानी गौतमको अध्यक्षतामा, महासैका सदस्य सिर्जना खड्काको स्वागत, सह-सचिव दुर्गा नेपालीले सञ्चालनमा कार्यक्रम भएको थियो ।

## आज भानु जयन्ती...

...नेपाली भाषाप्रति अगाध माया अपूर्व सेवा गरेवाफत नेपाली भाषा साहित्य संसारले उनलाई कहिल्यै विर्सन सक्दैन् । किनभने आधुनिक नेपाली भाषाको जति विकास भएको भए पनि सुरुमा नेपाली अक्षर चिनाउने र नेपाली भाषाको बाणीमा पहिलो प्राण भर्ने गुरु भानुभक्त आचार्यको ऋणबाट नेपाल र नेपाली कहिल्यै मुक्त हुन सक्दैन् । 'जन्मिएपछि राम्रो काम गरेर नाम कमाउनुपर्छ' भनी अर्ती उपदेश दिएकाले उनी रामायणलाई नेपाली भाषामा अनुवाद गर्न प्रेरित भएका थिए । 'बधुशिक्षा' उनको अर्को प्रसिद्ध कृति हो । यसैगरी उनका 'प्रश्नोत्तर', 'भक्तमाला', 'रामगीता', फुटकर रचनालगायत कृति छन् । कुमारी चोकको हिसाब मिलाउन नसकेर झ्यालखानामा परेका आदिकवि भानुभक्तले सरकारी कार्यालयमा हुने ढिलासुस्ती र 'भोलिवाद' को कट्टर विरोधी भएर कवितामा भोलिको विरोध गर्दै लेखेका थिए- 'भोलिभोलि भन्दैमा सब घर बितिगो बक्सियोस् आज भोली' । नेपाली जातीय एकता, राष्ट्रिय पहिचान र नेपाली सांस्कृतिक चेतना जगाउन र राष्ट्रिय संस्कृतिलाई बलियो बनाउनमा उनको ऐतिहासिक योगदान रहेको छ । त्रिभुवन विश्वविद्यालयबाट आचार्यबारे स्नात्तकोत्तरमा थुप्रै शोधग्रन्थ लेखिएका छन् । भानुभक्तको जन्मजयन्ती भारतको दार्जिलिङ, सिक्किमलगायत नेपाली भाषा भाषी धेरै रहेका स्थानमा पनि मनाइन्छ । भानुभक्तको निधन वि.सं १९२५ असोजमा भएको थियो ।।

## जियोकृषि एपमार्फत...

..."तरकारीको कारोवार कागजमा मात्रै गर्दा, रेकर्ड राम्रोसँग नहुने, दररेट फरक पर्ने गर्दथ्यो ।" सहकारीका अध्यक्ष कमला भण्डारीले भनिन्, "एप्स मार्फत डिजिटल रेकर्डले सबै पक्षलाई फाईदा पुगेको छ । पारदर्शी हुनुको साथै बजार व्यवस्थापन र योजना निर्माणको लागि समेत सहयोग पुगेको छ ।" जियोकृषि मोवाईल एप्लिकेशन हो । यसले कृषकहरुलाई कृषि तथा पशुपालन सम्बन्धी जानकारीहरु, नजिकको बजारको तरकारी दरभाउ, मौसम सम्बन्धी जानकारी, बाली तथा पशु स्वास्थ्य समस्यालाई डिजिटल परामर्श, कृषि सामग्रीहरुको डिजिटल खरिद लगायतका सुविधाहरु प्रदान गर्दै आएको छ । यसको लागि आर्थिक र प्राविधिक सहयोग हेफर ईन्टरनेशनल नेपालले गरेको हो । हेफरका ईनोभेसन प्रमुख ताराप्रसाद पन्थीका अनुसार ७० बढी सहकारीहरुका सदस्यहरुलाई डिजिटल सेवामा पँहुच पुऱ्याउन जियोकृषि सेवामार्फत सहयोग गर्दै आइएको छ । सहकारी र यसका सदस्यहरुलाई जियोकृषि मार्फत प्रविधिसँग जोडिएको छ । प्रमुख पन्थीले भने" कृषि तथा पशुपालनको डिजिटल सेवाको साथै सहकारीको सेवा समेत मोवाईलबाटै प्राप्त गर्न सुरु गरिएको छ । पाल्पामा सुरु भएको सहकारीको तरकारी कारोबारलाई डिजिटाईज गर्ने कार्य दाङ, धादिङ र रौतहटका सहकारीहरुमा पनि सुरु गरिने छ । " सहकारीहरुको कारोबारलाई अनलाईन सिस्टम गर्ने र कृषकहरुबाट खरिद गरिएको उत्पादनलाई अनलाईन भुक्तानी दिने गरी तयारी गरिएको उनको भनाई छ ।

खेलकुद समाचार

## च्याम्पियनशिप फुटबलमा नेपालले भूटानलाई हरायो



**काठमाडौं,** असार २८/नेपालले भूटानलाई हराउँदै २० वर्षमुनिको साफ महिला च्याम्पियनशिपमा विजयी शुरुवात गरेको छ । बङ्गलादेशको बसुन्धरा किङ्गस एरिनामा भएको खेलमा नेपालले भूटानमाथि ६-१ गोलको जीत निकाल्यो । नेपालको खेलमा पूर्णिमा राईले ह्याट्रिक गरिन । सेनु परियारले दुई गोल गरिन् । जीतसँगै नेपालले तीन अङ्क जोडेको छ । भूटानका लागि केल्देन वाङ्गमोले सान्त्वना गोल फर्काइन् । खेलको नवौं मिनेटमा सेनुले गोल गर्दै नेपाललाई शुरुवाती अग्रता दिलाएकी थिइन । खेलको १८औं मिनेटमा पूर्णिमाले नेपालको अग्रता दोब्बर बनाइन् । खेलको ४५औं मिनेटमा सेनुले दोस्रो र तेस्रो गोल गरिन् । नेपालले खेलको पहिलो हाफमा ३-० को अग्रता लिएको थियो । त्यसैगरी खेलको ५४औं मिनेटमा भूटानले एक गोल फर्कायो । भूटानका लागि केल्देनले गोल गरिन् । खेलको ६३औं मिनेटमा पूर्णिमाले गोल गर्दै नेपालको अग्रता ४-० मा पुऱ्याइन् । खेलको ८४औं मिनेटमा पूर्णिमाले ह्याट्रिक पूरा गरिन् । खेलको ८८औं मिनेटमा पूर्णिमाले आफ्नो चौथो गोल गर्दै नेपाललाई ६-१ को अवस्थामा ल्याइन् । त्यसअघि प्रतियोगिताअन्तर्गत भएको उद्घाटन खेलमा घरेलु टोली बङ्गलादेशले श्रीलङ्कालाई ९-० को फराकिलो अन्तरले हराएको छ । अब नेपालले भोलि बङ्गलादेशसँग खेल्ने छ ।

अर्थ/कर्पोरेट समाचार

# पूर्वखोला गाउँपालिकाको प्रगति ८६ प्रतिशत



**कृष्ण पोखरेल**

**पाल्पा,** असार २८/जिल्लाको पूर्वखोला गाउँपालिकाले चालु आर्थिक २०८१/०८२ मा ८६ प्रतिशत प्रगति हासिल गरेको छ । पालिकाले चालुतर्फ ३४ करोड ९० लाख ४८ हजार मध्ये ३० करोड ७१ लाख ७४ हजार खर्च गरी ८८ प्रतिशत प्रगति गरेको छ भने पूँजीगततर्फ ११ करोड १९ लाख १ हजार मध्ये ८ करोड ७१ लाख १० हजार खर्च गरी ७७. ८४ प्रतिशत प्रगती गरेको छ ।

गाउँपालिकाले तेस्रो सार्वजनिक सूनुवाई कार्यक्रम गर्दै बर्षभरी भएका कार्यक्रम गतिविधी सार्वजनिक गरेको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुन्दर प्रसाद श्रेष्ठले शिक्षा शाखा तर्फ ९४ प्रतिशत, स्वास्थ्य शाखा तर्फ ८४ प्रतिशत, कृषि शाखा तर्फ ८५ प्रतिशत, पशु विकास सेवा तर्फ ९६ प्रतिशत, योजना तथा प्राविधिक शाखातर्फ ९६ प्रतिशत कार्यप्रगति भएको बताए । पालिकाले आन्तरिक आय १ करोड अनुमान गरेकोमा ४५ लाख १६ हजार आम्दानी गरेको छ भने सामाजिक सुरक्षा भत्ता वापत ९ करोड ८३ लाख ९२ हजार वितरण गरेको छ । स्वास्थ्य शाखाले पालिका भित्रका ७०८ जना किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप लगाएको, ४ सय ४५ जना महिलाहरुलाई पाठेघरको मुखको क्यान्सर परीक्षण गरिएको, पालिकाबाट क्यान्सर रोग लागेका २९ जना, मृगौला रोगी १७ जना, मेरुदण्डको पक्षघात २ जना गरी ४८ जनालाई मासिक रुपमा ५ हजारको दरले २४ लाख ५५ हजार रकम वितरण गरेको पालिकाले सार्वजनिक गरेको छ । कृषि अन्तर्गत ३ हजार ३ सय घरधुरीलाई तरकारी विऊ वितरण गरेको, ३३०० वटा सुन्तला, १६०० वटा कागतीका विरुवा वितरण गरेको, ३ हजार ८ सय ३३ केजी मकैको विउ वितरण गरेको गाउँपालिकाले जनाएको छ । पशु शाखाले २१३ वटा गाईभैसीलाई कृत्रिम गर्भाधान गराएको, २६१ घरधुरीमा घाँसको विउ वितरण, १०५ वटा गाईभैसीको गोवर परिक्षण र ८९४ वटा गाईभैसी र बंगुरको उपचार भएको छ । पालिका भित्र चालु आर्थिक बर्षमा ३२७ वटा योजना रहेकोमा उपभोक्ताबाट २९६ वटा र ठेक्काबाट १८ गरी ३१४ वटा योजना सम्पन्न भएका छन् । अपाङ्ग १५ जेष्ठ नागरिक ६ गरी २१ वटा परिचयपत्र वितरण भएको छ । न्यायिक समितिमा ७ वटा उजुरी परेकोमा ७ वटै मिलापत्र भएको छ । कार्यक्रमा जनताहरुले पालिका भनेका गाउँका सिंहदरवार भएकोले दिर्घकालीन प्रभाव राख्ने योजना छनौट गरेर गुणस्तरीय काम गर्न अनुरोध गरेका छन् । कार्यक्रममा आएका गुनासाहरुको योजना शाखा प्रमुख विनोद नेपाल, शिक्षा शाखा प्रमुख लोकहरी देवकोटा तथा प्रमुख प्रशासकीय अधिकत श्रेष्ठले जवाफ दिएका थिए । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष नुन बहादुर थापाले पालिकाको आन्तरिक आम्दानी नहुँदा चाहे अनुसार काम गर्न अफ्ठेरो परेको बताए । पालिकाको समग्रमा कार्य प्रगति उत्कृष्ट देखिएकोमा जनप्रतिनिधी कर्मचारीहरुलाई पालिका अध्यक्ष थापाले धन्यवाद दिए । जनताका माग तथा सुझावहरुलाई निति नियम बजेट भित्र रहेर सम्वोधन गर्ने र पालिकाले शुसासन जवाफदेहितालाई प्राथमिकता दिएर काम गर्दै आएको अध्यक्ष थापाले बताए । पालिका उपाध्यक्ष भागिरथी शर्मा भट्टराईको स्वागत, पाल्पा विकास केन्द्रका संयोजक किरण कौशलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## पाल्पामा स्वास्थ्य कार्यालयको...

...सार्वजनिक तथ्याङ्कको रिपोर्टलाई आधार बनाएर पालिकाहरुले स्वास्थ्य क्षेत्रमा निति नियम तथा कार्यक्रम बजेटमा ध्यान दिएमात्र प्रदेश सरकारले तथ्याङ्क संकलनमा गरेको लगानी उपयोगी हुने स्वास्थ्यमन्त्री सारुले जोड दिए ।

स्वास्थ्य मन्त्रालयदेखी स्वास्थ्य चौकीसम्म शुसासन, जवाफदेहिताबाटै जनताको आधा स्वास्थ्य समस्या समाधान हुने भएकाले सो अवस्था कायम गर्न लागि परेको प्रदेश स्वास्थ्यमन्त्री सारुले बताए । जनताको उमेर अनुसार देखिने स्वास्थ्य समस्यालाई न्युनिकरण गर्नको लागि गणकहरु घर-घरमा पुगेर पारिवारिक स्वास्थ्य अवस्था प्रोफाईल तयार गरेर प्रदेश सरकारले सोही अनुसारको निति, कार्यक्रम र बजेटमा प्राथमिकता दिएर काम शुरु गरेको उनको भनाई छ । अहिले जतातत्तै सर्ने रोग भन्दा नसर्ने रोग अत्याधिक बढेको, प्रदेश सरकारको पनि नसर्ने रोगको उपचारको सहयोगको लागि चालु आर्थिक बर्षमा १३ करोड खर्च गरेको आगामी बजेटमा १९ करोड बजेट विनियोजन गर्नुपरेको र प्रत्येक बर्ष बजेटको आकार बढ्दै गएकाले नसर्ने रोगको स्क्रिनिङ गरेर रोकथामका उपायहरु स्वस्थ खानपान, नियमित व्याम, तनाव व्यबस्थापन जस्ता विषयमा मन्त्रालयले कार्यक्रम गरी कार्यान्वयनमा ल्याएको मन्त्री सारुले जोड दिए । कार्यक्रममा प्रदेश सांसद इन्द्रा गहतराज, स्वास्थ्य मन्त्रालयकी सचिव दुर्गा लक्ष्मी श्रेष्ठ, जिल्ला समन्य समितिका प्रमुख टंकनाथ खनाल, बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी दर्लामी, प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना, जिल्ला स्वास्थ्य कार्यालयका स्वास्थ्य अधिकृत हुम बहादुर आले, पब्लिक हेल्थ नर्स शान्ती भण्डारी लगायतले स्वास्थ्य कार्यालयको कार्य प्रगति तथा प्रकाशित तथ्याङ्कको बारेमा चर्चा गरेका थिए ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई